# स्थानीय राजपत्र

**बेसीशहर नगरपालिका नगरकार्यपालिकाद्धारा प्रकाशित**

**खण्ड ६)  बेसीशहर, पौष १८ गते, २०८० साल (संख्या ०४**

**भाग २**

**बेसीशहर नगरपालिका**

**<u>नगर कार्यपालिकाको सूचना</u>**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगरपालिकाकाले तल लेखिए बमोजिमको नियमावली बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## लेखा समितिको गठन तथा कार्य सञ्चालन नियमावली, २०८०

**पृष्ठभूमि:**

बेसीशहर नगरपालिकाको शासन व्यवस्थालाई थप जनमुखी, सेवामुखी, जनउत्तरदायी र पारदर्शी तुल्याई सुशासनको प्रत्याभूति दिलाउने सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ५ दफा २२ मा नगर सभाले नियमावलि बनाई आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न कुनै सदस्यको संयोजकत्वमा लेखा समिति गठन गर्न सक्ने प्रावधान रहे वमोजिम नगर सभाको निर्णय कार्यन्वयनका लागि तत्काल

कार्यसञ्चालन व्यवस्थित गर्नु पर्ने देखिएकोले १४ औँ नगर सभावाट स्वीकृत गरी लेखा समिति गठन तथा कार्य सञ्चालन नियमावली लागू गरीएको छ।

## भाग १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो नियमावलीको नाम: बेसीशहर नगरपालिकाको लेखा समितिको गठन तथा कार्य सञ्चालन नियमावली, २०८० रहने छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा:**

(१) "नगरपालिका" भन्नाले बेसीशहर नगरपालिका सम्झनुपर्छ।

(२) "नियमावली" भन्नाले लेखा समितिको गठन तथा कार्य सञ्चालन नियमावली, २०८० लाई सम्झनुपर्दछ।

(३) "कार्यालय" भन्नाले बेसीशहर नगर कार्यपालिकाको कार्यालय र ११ वडा कार्यालयहरु समेत सम्झनुपर्दछ।

(४) "समिति" भन्नाले बेसीशहर नगर सभाबाट गठित लेखा समितिलाई जनाउँछ।

(५) "प्रमुख" भन्नाले बेसीशहर नगर कार्यपालिकाको प्रमुखलाई सम्झनुपर्छ।

(६) "उपप्रमुख" भन्नाले बेसीशहर नगर कार्यपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ।।

(७) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बेसीशहर नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनुपर्दछ

(८) "कार्यपालिका" भन्नाले बेसीशहर नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(९) "नगर सभा" भन्नाले संविधानको धारा २२३ को उपधारा १ बमोजिमको बेसीशहर नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ।

(१०) "पदाधिकारी' भन्नाले नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा कार्यपालिकाका अन्य सदस्य सम्झनु पर्छ।

(११) "योजना" भन्नाले आयोजना तथा कार्यक्रम समेतलाई जनाउँछ।

(१२) "वडा" भन्नाले बेसीशहर नगरपालिकाका ११ वटै वडा सम्झनुपर्छ।

(१३) "वडा समिति" भन्नाले नेपालको संविधानको धारा २२३ को उपधारा ४ बमोजिमको वडा समिति सम्झनुपर्छ ।

(१४) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ।

(१५) नगरपालिकाको शाखा, उपशाखा, र ईकाइ भन्नाले नगरपालिकाको प्रशासनिक संगठनात्मक स्वरुप अनूरुप स्थापना गरीएका शाखाहरु, उपशाखाहरु, र इकाइहरुलाई सम्झनुपर्दछ।

(१६) "राजश्व" भन्नाले नगरपालिकाले कानून बमोजिम सङ्कलन गर्न पाउने कर, दस्तूर, शुल्क, महशूल र सो वापतको जरिवानालाई जनाउँछ सो शब्दले जनसहभागिता बापतको रकम सरकारी तथा अन्य निकायको ऋण तथा अनुदान बापत प्राप्त रकम समेतलाई जनाउँछ।

(१७) "वार्षिक बजेट" भन्नाले नगरपालिकाको निशर्त, शसर्त, वित्तीय सामानीकरण अनुदान र आन्तरिक आयलाई समेत सम्झनुपर्दछ।

(१८) “वार्षिक बजेट तथा कार्यक्रम” भन्नाले कार्यक्रमका शीर्षकहरु तथा अनुमानित बजेट सहितको विवरणलाई सम्झनुपर्दछ।

(१९) "बेरुजु" भन्नाले आन्तरिक लेखा परीक्षण तथा महालेखा परिक्षकको कार्यालयबाट लेखापरीक्षण प्रतिवेदनमा वेरुजु भनी उल्लेखित अवस्थालाई सम्झनुपर्दछ।

(२०) "आर्थिक अनियमितता" भन्नाले आर्थिक नियमानुसार काम सम्पन्न नभएको अवस्थालाई जनाउँछ।

(२१) " लेखापरीक्षण " भन्नाले कार्यक्रम र बजेट अनुसार कार्य सम्पन्न भए नभएको तथा नियम सङ्गत छ छैन भनेर गरीने परीक्षण सम्झनु पर्दछ।

(२२) " संयोजक " भन्नाले लेखा समितिका संयोजकलाई सम्झनु पर्दछ।

(२३) " सदस्य " भन्नाले लेखा समितिका सदस्यलाई सम्झनु पर्दछ।

## भाग- २

## लेखा समिति गठन

३. लेखा समिति गठन: १) नगरपालिकाको शासन व्यवस्थालाई थप जनमुखी सेवामुखी जनउत्तरदायी र पारदर्शी तुल्याई वित्तीय सुशासन कायम गराउने प्रमुख उद्धेश्यका साथ नगर सभावाट देहाय वमोजिमको लेखा समिति गठन गरीनेछ। साथै यस भन्दा अघि नगर सभाबाट बनेको लेखा समितिलाई यसै नियमावली बमोजिम गठन भएको मानिनेछ।

(क) नगर उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिका सदस्यहरु मध्येबाट १(एक) जना- संयोजक

(ख) नगर सभाको सदस्य मध्येबाट नगर सभाले छानेका २(दुई) जना- सदस्य

(२) नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखाका प्रमुखले लेखा समितिको सचिवका रुपमा काम गर्नेछन् । निजको अनुपस्थितिमा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतले सचिवको रुपमा कार्य गर्नेछ ।

(३) समितिको बैठकमा समितिका संयोजकले नगर कार्यपालिका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत लगायत आवश्यकता अनुसार विषयगत संयोजक र नगरपालिकाका शाखा प्रमुखलाई आमन्त्रित गर्न सक्नेछ ।

(४) समितिको पदावधि गठन भएका मितिले ३ वर्ष हुनेछ तर नगर सभाले परिवर्तन गर्न आवश्यक नठानेमा समितिले स्वतः निरन्तरता पाउनेछ ।

## भाग-३
## लेखा समितिको काम, कर्तव्य र अधिकार

**४. लेखा समितिको काम, कर्तव्य र अधिकारः** (१) नियम ३ वमोजिम गठन हुने लेखा समितिले देहायका विषयमा अध्ययन गरी कार्यपालिकालाई राय सुझाव र नगर सभा समक्ष प्रतिवेदन पेश गर्नेछ ।

**(क) कार्यपालिकालाई राय सुझाव दिने विषयहरु:**

१) वार्षिक बजेटले अनुमान गरे वमोजिम को श्रोत परिचालन तथा रकम सङ्कलन लक्ष्य वमोजिम चौमासिक प्रगति भए वा नभएको र नभएको अवस्थामा लक्ष्य प्राप्तिका विषयमा आवश्यक सल्लाह सुझाव ।

२) वार्षिक वजेटमा उल्लेखित कार्यक्रम चौमासिक लक्ष्य वमोजिम संचालन भए नभएको र लक्ष्य पूरा गर्न तत्काल लिनु पर्ने रणनीतिका सम्बन्धमा ।

३) कार्यपालिकावाट नगरपालिकाको राजस्व तथा श्रोत परिचालन सम्बन्धमा भए गरेको निर्णयको कार्यान्वयन अवस्थाको विश्लेषण गर्दै सो सम्बन्धमा कुनै सुझाव दिनु पर्ने भएमा सो सम्बन्धमा सुझाव ।

४) कार्यपालिका कार्यालयमा भए गरेका कार्यमा वित्तिय सुशासन कायम गराउन आवश्यक सुझाव प्रदान ।

५) पेश्की, वेरुजुको अवस्था विश्लेषण गर्दै सो को फछ्र्यौटका लागि आवश्यक रणनीतिक सुझाव प्रदान ।

६) नगर कार्यपालिका कार्यालयबाट भए गरेका आम्दानी र खर्चका विभिन्न विषय मध्ये समितिले आर्थिक अनियमिता भएको गुनासो आएको या आवश्यक ठानेका वा नगरकार्यपालिकाबाट अनुरोध भएका विषयमा भए गरेका गतिविधिको नमुना लेखा परिक्षण गरी कार्यपालिकालाई सुझाव प्रदान गर्ने।

७) नगरपालिकाको आन्तरिक लेखा परिक्षकको चौमासिक प्रतिवेदन माथि समीक्षा।

८) नगरपालिकाका विभिन्न वडा कार्यालय र शाखावाट भए गरेका गतिविधिको अध्ययन गर्दै सो सम्बन्धमा वित्तीय सुशासन कायम गराउन आवश्यक सुझाव प्रदान।

९) वित्तीय सुशासनका विषयमा कार्यापालिकाले सुझाव मागेका विषयमा आवश्यक परामर्श।

**ख) नगर सभा समक्ष प्रतिवेदन पेश गर्ने विषयहरु :**

१) नगर सभाबाट स्वीकृत वार्षिक बजेटले अनुमान गरे बमोजिमको काम भएको वा नभएको बारेमा लिखित प्रतिवेदन र सुझावहरु समेत सभामा पेश गर्नुपर्नेछ ।

२) नगर सभावाट स्वीकृत अनुमानित स्रोत परिचालन तथा रकम सङ्कलन भए वा नभएको बारेमा कारण सहितको प्रतिवेदन तयार गर्ने।

३) नगरपालिकाले तयार गरेको वार्षिक बजेटमा उल्लिखित कार्यक्रम सञ्चालन भए वा नभएको,

४) महालेखा परिक्षकको कार्यालयबाट लेखापरीक्षण भई मलेपको वार्षिक प्रतिवेदन अध्ययन गरी औँल्याइएका बेरुजु तथा आर्थिक अनियमितताका सम्बन्धमा त्यस्तो बेरुजु र आर्थिक अनियमिततालाई नियमित एवं असुल फछ्यौट गर्न कारण सहित सम्परीक्षणको लागि नगर सभामा प्रतिवेदन पेश गरी पारित गराउने।

५) मलेप प्रतिवेदन उपर छलफल गरी प्रतिवेदन तयार गर्ने सिलसिलामा लेखा समितिले विज्ञको रुपमा संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय / प्रदेश लेखा नियन्त्रक कार्यालय र कोलेनिकालाई आमन्त्रण गर्न सक्नेछ।

६) प्रतिवेदन तयार गर्ने क्रममा लेखा समितिले माग गरे बमोजिमको कागजात नगरपालिकामा रहेका सबै शाखा र उपशाखाहरुले उपलब्ध गराउनु पर्नेछ र आमन्त्रण भएको अवस्थामा लेखा समितिमा उपस्थित भई आफ्नो राय सल्लाह र सुझाव लिखित र मौखिक रुपमा दिनु सम्बन्धित सबैको कर्तब्य हुनेछ ।

**५. लेखा समितिको बैठक सम्बन्धी ब्यवस्था र सुविधाः**

१) समितिको बैठक कम्तीमा दुई/दुई महिनामा बस्नेछ ।

२) लेखा समितिको बैठकमा भाग लिए बापत लेखा समितिका सदस्य र आमन्त्रित पदाधिकारीले कार्यपालिकाका सदस्यले पाए सरह बैठक भत्ता पाउनेछन् ।

३) लेखा समितिले आफ्नो वार्षिक कार्यतालिका बनाई नगर सभाबाट स्वीकृत गराई कार्यान्वयन गराउनु पर्नेछ ।

## भाग-४
## लेखा समितिका आचार संहिता

**६. लेखा समितिका संयोजक र सदस्यहरुले गर्न हुने र नहुने सामान्य आचार संहिताहरु निम्नानुसार रहनेछ ।**

(१) स्थानीय सरकार सञ्चालन ऐनको मान्यता सिद्धान्त विपरित सार्वजनिक वक्तव्य दिन नहुने ।

(२) स्थानीय शासन र संविधानको सिद्धान्त तथा नीतिको विपरित हुने गरी स्थानीय तहको स्वायत्ततालाई अनादर गर्ने कुनै काम गर्न नहुने,

(३) नगरवासीप्रतिको उत्तरदायित्वलाई अस्वीकार गर्न नहुने,

(४) नगरपालिका र साझेदार संघ संस्थासँगको कानून बमोजिमको सम्बन्धमा खलल पर्ने जस्ता कुनै लेख, समाचार, भाषण, वक्तब्य प्रकाशन वा प्रशारण गर्नु वा गराउनु हुँदैन । तर यस कुराले कुनै जनप्रतिनिधिलाई उल्लेखित विषयमा अनुसन्धानमुलक कुनै लेख रचना प्रकाशित गर्न रोक लगाएको मानिने छैन ।

(५) नगरपालिकाका साधन श्रोतको दुरुपयोग गर्न नहुने ।

(६) प्रचलित ऐन, नियमले तोकेको जिम्मेवारीको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु पर्ने,

(७) राजनीतिक आस्था एवं सामाजिक भेदभावले बढावा पाउने व्यवहार गर्न नहुने,

(८) कार्यजिम्मेवारी प्रदान गर्दा भेदभाव गर्न नहुने

(९) कसैको स्वाभिमान र अस्तित्वमा आँच आउने व्यवहार गर्न नहुने,

(१०) विद्यमान सामाजिक मान्यता विरुद्धका आचरण गर्न नहुने तथा लैङ्गिक समानतामा आँच आउने व्यवहार गर्न नहुने ।

## भाग ५
## विविध

**७. प्रचलित कानून वमोजिम हुनेः** यस नियमावलीमा उल्लेख भएका प्रावधानहरु यसै नियमावली वमोजिम हुने र यसमा उल्लेख नभएको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

**८. वाधा अड्काउ फुकाउः** यस नियमावली कार्यान्वयनमा कुनै वाधा अड्चन आएमा नगर सभाको निर्णय वमोजिम हुनेछ ।

**९. संशोधन तथा खारेजीः** (१) बेसीशहर नगरपालिकाको “लेखा समिति गठन तथा सञ्चालन नियमावली २०७९ र “लेखा समितिको गठन तथा कार्य सञ्चालन आदेश, २०८०” खारेज गरेको छ ।

(२) यो नियमावली जारी हुनु भन्दा अगाडि लेखा समितिवाट भए गरेका कामहरु यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

(३) यो नियमावली संशोधन तथा परिमार्जन वा खारेजी गर्नु परेमा नगर कार्यपालिकालाई पूर्ण अधिकार हुनेछ ।

**आज्ञाले,**

प्रमाणिकरण मिति: २०८० पौष १८ गते ।

**चेतनाथ अर्याल**
**प्रमुख प्रशासकिय अधिकृत**

**मुद्रक:** बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय । मूल्य रु.५।–